चक्रघट्टा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः ७ | मितिः २०७९/०७/०६

भाग-२

चक्रघट्टा गाउँपालिकाद्वारा प्रकाशित

## प्रोत्साहन भत्ता वितरण कार्यविधि, २०७९

चक्रघट्टा गाउँपालिका अन्तर्गतबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो, प्रभावकारी एवं सेवाग्राही मैत्री बनाउन उक्त सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरको कामप्रति उत्प्रेरित र जवाफदेही बनाउने उद्देश्यले,

चक्रघट्टा गाउँ कार्यपालिकाले मिति २०७९/०७/०६ गते पारित गरी यो कार्यविधि बनाएको छ ।

१. सम्क्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम “प्रोत्साहन भत्ता वितरण कार्यविधि, २०७९” रहेको छ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कर्मचारी” भन्नाले चक्रघट्टा गाउँपालिका अन्तर्गत सार्वजनिक निकायमा कार्यरत निजामती सेवा, संघीय निजामती सेवाबाट कामकाजमा रहेका र सेवा करारमा कार्यरत राष्ट्रसेवक सम्झनु पर्छ ।

(ख) “प्रोत्साहन रकम” भन्नाले कर्मचारी प्रोत्साहन शीर्षकमा छुट्याइएको रकमलाई सम्झनु पर्छ ।

(ग) “सार्वजनिक निकाय” भन्नाले चक्रघट्टा गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक सेवा प्रवाह गर्ने संगठित संस्था सम्झनु पर्छ ।

३. प्रोत्साहन रकम पाउने : (१) स्वीकृत दरबन्दी भित्र रही चक्रघट्टा गाउँपालिका अन्तर्गतका सार्वजनिक निकायमा न्युनतम ६ (छ) महिना भन्दा बढी अवधि देखि निरन्तर कार्यरत रहेका देहाय बमोजिमका कर्मचारीहरुले प्रोत्साहन रकम प्राप्त गर्नेछन्

(क) निजामती सेवामा समायोजन भएका कर्मचारी

(ख) स्थानीय तहमा समायोजन भएका कर्मचारी

(ग) स्थानीय तहमा कामकाजमा रहेका कर्मचारी

(घ) स्थानीय तहमा सेवा करारमा कार्यरत कर्मचारी

४. प्रोत्साहन रकम उपलब्ध गराउनु पर्ने : (१) चक्रघट्टा गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा, योजना शाखा, प्राविधिक शाखा, प्रशासन शाखा, राजश्व शाखा र जिन्सी शाखामा कार्यरत कर्मचारीहरुलाई शुरु तलव स्केलको ४०% प्रतिशतले हुने रकम प्रोत्साहन रकम उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन रकम दफा ३ को उपदफा (१) बमोजिमका कर्मचारीको हकमा श्रावण महिनादेखि नै भुक्तानी गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउने सार्वजनिक निकायले जुन बजेट उपशीर्षकमा बजेट प्रोत्साहन बजेट रकम छुट्याइएको हो सोही शीर्षकबाट प्रोत्साहन रकम खर्च लेख्नुपर्नेछ ।

(४) चक्रघट्टा गाउँपालिकाले प्रोत्साहन रकम उपलब्ध गराउँदा प्रोत्साहन रकममा बजेट अपुग हुने भएमा राजश्व बाँडफाँड वा कन्टेन्जेन्सी रकमबाट प्रोत्साहन शीर्षकमा विनियोजन गरी गाउँसभाबाट अनुमोदन गरी प्रोत्साहन रकम दिनु पर्ने छ ।

५.	प्रोत्साहन रकम प्रदान गर्न नसकिने अवस्था : (१) गाउँपालिका अन्तर्गत कार्यरत देहाय बमोजिमका कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउन सकिने छैन ।

(क) प्रचलित कानून बमोजिम निलम्बनमा परेको कर्मचारी

(ख) प्रचलित कानून बमोजिम बर्खास्त गरिएको कर्मचारी

(ग) दफा ३ को उपदफा (१) बमोजिमको न्युनतम अवधि पुरा नगरेका कर्मचारी

(घ) दफा (४) मा तोकिएको शाखा बाहेकका कर्मचारी

६.	लेखा तथा लेखापरीक्षण : यस कार्यविधि बमोजिम उपलब्ध गराइएको प्रोत्साहन रकमको सम्बन्धित सार्वजनिक निकायले प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीषण गर्नु, गराउनु पर्नेछ ।

७.	बाधा अड्काउ फुकाउन सकिने : यस कार्यविधि बमोजिम प्रोत्साहन रकम प्रदान गर्न कुन बाधा परेमा गाउँसभाले बाधा अडुकाउलाई फुकाउन सक्नेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिती :– २०७९/०७/०६ गते

आज्ञाले,

संजिव कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत